मुख्यमन्त्री

गण्डकी प्रदेश
पोखरा, नेपाल

# खीष्टमसको शुभकामना



आज खीष्टियन समुदायको महान पर्व खीष्टमस । स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण खीष्टियन समुदायमा यस पर्वको पावन अवसरमा सुख, सुस्वास्थ्य एवं समृद्धिको शुभकामना व्यक्त गर्दछु । हाम्रो मुलुकमा मनाइने चाडपर्वहरुले विविध सांस्कृतिक पहिचान बोकेका समुदायबीच सद्भाव र समन्वयका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

नेपाली समाज विविध धर्म र संस्कृतिको संगमस्थल हो । राजनीतिक परिवर्तनसँगै नेपालको संविधानले सबै धर्म र संस्कृतिको सम्मान र धार्मिक सांस्कृतिक स्वतन्त्रतालाई अंगीकार गरेको छ । नेपालको संविधान २०७२ को महत्वपूर्ण उपलब्धि हो, धर्म निरपेक्षता । जुनसुकै धर्ममा आस्था राख्ने नागरिकप्रति भेदभाव नगर्ने कुराको प्रत्याभूति संविधानले गरेको छ ।

दुई शतक अगाडि येशु खीष्टले दिनुभएका सन्देमूलक उपदेश अझै पनि हाम्रा लागि उपयोगी छन् । यस पर्वले सबै नेपालीबीच आपसी प्रेम, वन्धुत्व, एकताको भावना बढाएर शान्त र समृद्ध नेपाल निर्माण गर्न सबैमा प्रेरणा प्रदान गर्नेछ भन्ने कामना गर्दछु ।

२०७८ पुस १०

कृष्णचन्द्र नेपाली पोखरेल